राक्सिराङ्ग गाउँपालिका<br>गाउँ कार्यपालिकाको कार्यालय<br>राक्सिराङ्ग, मकवानपुर<br>बागमती प्रदेश, नेपाल

राक्सिराङ्ग गाउँपालिका, गाउँ कार्यपालिकाको निर्णय

**२०७७ साल पुस १२ गते सोमबारका दिन बसेको राक्सिराङ्ग गाउँ कार्यपालिकाको ५५औं बैठकबाट भएको निर्णयहरुको संक्षिप्त व्यहोरा निम्न बमोजिम छन् :**

१. (क) राक्सिराङ्ग गाउँसभाको नवौं (हिँउदे अधिवेशन) मिति २०७७।०९।२७ गते आब्हान गर्ने निर्णय गरियो ।

(ख) देहायको पुरस्कार तथा सम्मान समिति गठन गर्ने:

| | | |
|---|---|---|
| संयोजक | : | उपाध्यक्ष |
| सदस्य | : | सिमोन वि.क. |
| सदस्य सचिव | : | गोविन्द अधिकारी |

२. वडा नं. १, ३, ४, ७, ८ र ९ मा स्वास्थ्य संस्था निर्माण गर्ने सम्झौता भएका निर्माण व्यवसायीहरुसँग चालु आर्थिक वर्षको जेठ मसान्त सम्म म्याद थप गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

३. यस गाउँपालिकामा बसोबास गर्ने अति सीमान्तकृत पिछिडिएको जनजाती चेपाङ्ग तथा तामाङ्ग समुदाका विपन्न परिवारलाई खाद्य संकट हुनबाट जोगाई खाद्य सुरक्षाको सुनिश्चितता गराउने उद्येश्यले FIAN Nepal को प्राविधिक सहयोगमा "खाद्य सुरक्षा रणनीतिक योजना" तर्जुमा गर्न "खाद्य सुरक्षा बैंक स्थापना" शीर्षकबाट रु. ११,१८,८००। खर्च गर्ने ।

४. प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन गर्न संघीय सरकारबाट प्राप्त ५१,९२,०००। लाई सम्वन्धित वडााको निर्णयसमेतको आधारमा देहाय अनुसार खर्च गर्ने :

| | | | |
|---|---|---|---|
| क. | गाउँपालिकाको विद्युतीय पार्श्वचित्र निर्माणको लागि तथ्यांक संकलन गर्न रु. ९,००,०००। | | |
| ख. | वडा नं. १ मा | वेरोजगार संख्या ९ जना | रु. २ लाख |
| ग. | वडा नं. २ मा | वेरोजगार संख्या १३ जना | रु. ३ लाख |
| घ. | वडा नं. ३ मा | वेरोजगार संख्या १६ जना | रु. ३ लाख |
| ङ. | वडा नं. ४ मा | वेरोजगार संख्या २० जना | रु. ४ लाख |
| च. | वडा नं. ५ मा | वेरोजगार संख्या ५८ जना | रु. १० लाख |
| छ. | वडा नं. ६ मा | वेरोजगार संख्या ६ जना | रु. २ लाख |
| ज. | वडा नं. ७ मा | वेरोजगार संख्या ० जना | रु. ० |
| झ. | वडा नं. ८ मा | वेरोजगार संख्या १३४ जना | रु. १५ लाख ९२ हजार |
| ञ. | वडा नं. ९ मा | वेरोजगार संख्या १४ जना | रु. ३ लाख |

५. गाउँपालिकाको समग्र क्षेत्रको तथ्यांक संकलन गरी विद्युतीय पार्श्वचित्र तयार गर्ने र स्मार्ट पालिका कार्यान्वयन गर्ने । सोको लागि तथ्याङ्क संकलन गर्न प्रधानमन्त्री रोजगार कार्यक्रम शीर्षकबाट रु. ९,००,०००। (नौ लाख रुपैयाँ) खर्च गर्ने । तथ्याङ्क संकलन गर्ने कार्य प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सुचीकृत भएका बेरोजगारहरुबाटै गराउने । तथ्याङ्क विश्लेषण तथा सफ्टवेयर खरिदसम्वन्धी कार्यहरु प्रचलित कानुनवमोजिम विद्युतीय पार्श्वचित्र निर्माण शीर्षकबाट गर्ने ।

६. भौगोलिक रुपले मकवानपुरको जिल्लाको अतिविकट, दुर्गम यस गाउँपालिकामा शिक्षा र स्वास्थ्यको पँहुचबाट टाढा रहेका अति विपन्न सिमान्कृत चेपाङ तथा तामाङ समुदायको बाहुल्यता रहेको र त्यस्ता समुदायहरुको स्वास्थ्य उपचारलाई सरल, सहज र कम खर्चिलो वनाउन प्रस्तावित राक्सिराङ्ग अस्पताललाई एक मेडिकल अधिकृतसहित सञ्चालनमा आवश्यक सहयोग गरिदिन नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय एवं स्वास्थ्य सेवा विभाग, टेकुलाई अनुरोध गर्ने ।

७. क) प्रदेश नीति तथा योजना आयोग, बागमतीसँग (प्रदेश नीति तथा योजना आयोगको रु १०,००,००० र आगामी गाउँ सभाबाट व्यवस्थापन हुनेगरी गाउँपालिकाको रु. ५,६०,०००।) साझेदारीमा आवधिक योजना र मध्यकालीन खर्च संरचना योजना तर्जुमासम्वन्धी प्रदेश नीति तथा योजना आयोगले मस्यौदा गरेको कार्यविवरण स्वीकृत गर्ने ।

ख) राक्सिराङ्ग गाउँपालिका वडा नं. १ बाट स्थानीयवासी वोकेको वोलेरो जीप नेवारपानी झर्ने क्रममा दुर्घट्ना हुँदा घाइते १७ जनालाई उपचारमा सहयोग गर्न रु. ५०,०००। उपलब्ध गराउने ।

**द्रष्टव्य : निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरु आवश्यक भएमा गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त हुनेछ ।**

९/१३<br>ध्रुवराज आचार्य<br>प्रमुख प्रशासकीय अधिकृत